# नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८३/८४

## त्रिवेणी गाउँपालिका

## रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

## २०८३

# गाउँपालिका अध्यक्ष
# श्री कर्ण बहादुर बाँठा मगरले
# गाउँ सभाको २० औँ अधिवेशनको बैठकलाई
# गर्नुभएको सम्बोधन

त्रिवेणी गाउँपालिका

रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

२०८३

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

सम्वत् २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् गठन भएको स्थानीय सरकारको तर्फबाट त्रिवेणी गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको यस बैठकमा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु ।

यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानको रक्षा, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात शहिदहरु तथा जनउत्तरदायी शासन प्रणाली र सुशासनको आकांक्षासहित २०८२ भदौ २२ र २३ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको जेन- जेड आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नागरिक तथा राष्ट्रसेवकहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । अग्रगमनतर्फ परिलक्षित सबै आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान तथा घाइतेहरुको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु । सदासर्वदा अग्रपंक्तिमा रहेर सार्वजनिक सेवा प्रवाह गर्नुहुने जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरुको उच्च प्रशंसा गर्न चाहन्छु ।

त्रिवेणी गाउँपालिका प्राकृतिक सुन्दरता, महत्वपूर्ण साँस्कृतिक सम्पदा, असिमित विकासका सम्भावना एवम् विशिष्ट पहिचान भएको भौगोलिक क्षेत्रमा अवस्थित छ । स्थानीय तहको दोस्रो पाँच वर्षे कार्यकालको लागि निर्वाचित यस सरकारले विगत चार वर्षदेखि नेपालको संविधान तथा सङ्घीय शासन व्यवस्थाको मूलमर्म अनुरुप गाउँपालिकाका आवश्यकता र प्राथमिकतालाई केन्द्रबिन्दुमा राखी जनआकांक्षा, नागरिक अधिकार र आर्थिक-सामाजिक उत्थानको लागि विशेष योजना र कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

यसै सन्दर्भमा सुन्दर, समुन्नत र सुसंस्कृत गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प र त्रिवेणीबासीको समृद्धिको चाहाना पूरा गर्ने दिशामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गर्दै यहाँका जनताको मुख्य पेशाको रुपमा

रहेको कृषिलाई प्रतिष्पर्धी तथा व्यावसायिक बनाउने, बजारीकरण प्रवर्द्धन र प्रयाप्त सिंचाई सुविधाको प्रबन्ध गर्ने, दिगो, सूचना प्रविधिमैत्री र उत्थानशील पूर्वाधार निर्माण गर्ने, स्वच्छ खानेपानी तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्ने, शैक्षिक सुदृढिकरण तथा दक्ष जनशक्ति उत्पादन गर्ने, प्रभावकारी आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता गर्ने र लक्षित वर्ग तथा समुदायको आर्थिक-सामाजिक सशक्तिकरणको आवश्यकतामा आधारित कार्यक्रमलाई यस नीति तथा कार्यक्रमले प्राथमिकताका साथ अगाडि बढाएको छ ।

विकास व्यवस्थापनका क्षेत्रमा देखिएका कमी कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्दै नवप्रवर्तनीय र वैज्ञानिक पद्धति अवलम्बन गरी स्थानीय रणनैतिक तथा मागमा आधारित पूर्वाधार आयोजनाहरुमा लगानी केन्द्रित गर्दै डिजिटल साक्षरता तथा उद्यमशिलता विकासको माध्यमबाट स्थानीय स्रोत साधनको उपयोग तथा आन्तरिक रोजगारी सिर्जना गरी न्यायपूर्ण, आत्मनिर्भर र सुशासनयुक्त गाउँपालिका निर्माणको कार्यलाई नयाँ उचाई प्रदान गरिनेछ ।

**गाउँ सभाका उपाध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

विश्वव्यापी भू-राजनीतिक सङ्घर्ष, रुस-युक्रेन युद्ध, इरान-अमेरिका युद्ध तथा छिमेकी राष्ट्रहरुको भूराजनैतिका दाउपेचका कारण राष्ट्रिय अर्थतन्त्र प्रभावित हुनुका साथै मुल्य वृद्धि, इन्धन आपूर्तीमा समस्या र पूर्वाधार निर्माणका लागि आवश्यक कच्चा पदार्थको अभावले गाउँपालिकाको आर्थिक-सामाजिक तथा पूर्वाधार विकासमा समेत नकारात्मक असर पुगेको छ । बढ्दो आन्तरिक र बाह्य बसाइसराइका कारण ग्रामीण टोलबस्तीहरु सुनसान हुन पुगेका छन् ।

उल्लिखित सन्दर्भमा जनताको सार्थक सहभागिताका माध्यमबाट पारदर्शिता र सुशासन प्रवर्द्धन गर्दै युवाहरुको लागि गाउँपालिकामै रोजगारीका अवसर सृजना गर्ने, विकासका आधारभूत पूर्वाधारहरुको निर्माण गर्ने, स्थानीय स्रोतसाधनको प्रभावकारी उपयोग गर्ने, ग्रामीण क्षेत्रको बसाइलाई आकर्षक बनाउने र गाउँपालिकाबासीको समृद्धिको चाहानालाई मूर्तरुप दिने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यसका लागि स्थानीय आर्थिक विकासका योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ ।

१. कृषि पेशालाई वैज्ञानिक, सम्मानित, मर्यादित, टिकाउ र व्यावसायिक बनाउने रणनीति लिइनेछ । सो को लागि व्यावसायिक कृषकहरु पहिचान गरी प्रमाणपत्र तथा परिचय पत्र उपलब्ध गराउने र गाउँपालिकाबाट उक्त कृषकको बाली/पशु बिमा तथा स्वास्थ्य बिमा गर्ने कार्यनीति अवलम्बन गरिनेछ ।

२. उद्यमी सोंच भएका तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न यान्त्रिकरण, बजारीकरण र उत्पादनमा आधारित अनुदान, प्रोत्साहन तथा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अवलम्बन गरिनेछ ।

३. गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउदै निर्यातमुखी कृषि उत्पादनमा जोड दिन रणनीतिक कृषि प्रणालीको विकास तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी प्रतिष्पर्धात्मक क्षमता भएका कृषि उत्पादनमा जोड दिइनेछ । यसका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्र, कृषि सहकारी, समुदाय लगायतसँग सहकार्य तथा साझेदारी गरिनेछ ।

४. रैथाने बाली, बीउ, नश्ल र कृषि जैविक विविधताको संरक्षणको लागि विशेष प्रबन्ध मिलाइनेछ । गाउँपालिकाको विभिन्न क्षेत्रमा खेती हुने जुगारी चामलको उत्पादन प्रवर्द्धन तथा प्रचारप्रसारको लागि **त्रिवेणीको धानः हाम्रो पहिचान** कार्यक्रम सञ्चालन गरिनेछ ।

५. व्यावसायिक कृषि क्षेत्रमा कृषि सडक, कृषि हाटबजार, गोदाम घर, कोल्ड च्याम्बर लगायत पूर्वाधार निर्माण तथा स्तरोन्नती गरिनेछ । कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, चाक्लाबन्दी र सामुहिक खेती प्रवर्द्धन गरिनेछ । खेतीयोग्य जमिनको विश्लेषण गरी नयाँ साना तथा मझौला सिंचाई योजना सञ्चालन र पुराना योजनाको मर्मत सम्भार गरिनेछ ।

६. विषादी सम्बन्धी सचेतना अभिवृद्धि गरी यसको अधिक प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने असर तथा जैविक विविधतामा आउने ह्रासको जोखिम न्यूनीकरण गरिनेछ । सबै वडामा **एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पि.एम.) प्रणाली** कार्यान्वयनमा ल्याइनेछ ।

७. कृषि पकेट क्षेत्र विस्तारको लागि एक वडा एक उत्पादन क्लष्टर खेतीलाई प्राथमिकतामा राखिनेछ । उच्च मुल्यका फलफूल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्र पहिचान तथा सघन कृषि क्षेत्र निर्धारण गरिनेछ । चिया, कफी, कागुनो तथा सूर्यमुखी खेतीको सम्भाव्यता अध्ययन गरी प्रक्रिया अगाडि बढाइने गरिनेछ ।

८. माटोको जैविक गुणमा ह्रास आउन नदिन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक वडामा माटो परीक्षण शिविर सञ्चालन गरी माटोको उपचार तथा त्यहाँको लागि उपयुक्त हुने बालीको सिफारिस गर्ने व्यवस्था मिलाइनेछ । उल्लिखित कार्यको लागि गाउँपालिकामै माटो परीक्षण तथा बाली संरक्षणको लागि **मिनि ल्याब** स्थापना गरिनेछ ।

९. सबैको लागि गास, बास र कपासको आधारभूत अवधारणा अन्तर्गत साझेदारीमा **कपडा बैङ्क** स्थापना गरिनेछ । साथै अतिविपन्न, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई **सहुलियतमा खाद्यान्न** उपलब्ध गराउने व्यवस्था गरी कुनैपनि त्रिवेणीबासी भोकभोकै हुन नपर्ने व्यवस्था गरिनेछ ।

१०. पर्यावरणमा आधारित पुनरुत्पादक कृषि प्रविधि- भर्मी कम्पोष्ट मल, जैविक झोल मल र गड्यौला मल, जैविक विषादी, कोशेबाली खेती प्रवर्द्धन, बालीचक्र प्रविधि, मिश्रित तथा अन्तरबाली, छापो प्रविधि, बाली विविधिकरण र जलवायुमैत्री कृषि उत्पादनलाई अभियानका साथ विस्तार गरिनेछ ।

११. प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा दाँते ओखर, टिम्मुर, आरु, पलम, केरा, अम्बा, खमानी, नास्पाती, सुन्तला, कागती, किवी, लिचि, एभोकार्डो, स्याउ, उखु, चिउरी, कालोबेसार, कालो अदुवा, अलैंची लगायतका कम्तिमा २५ वटा बिरुवा अनिवार्य रोप्नुपर्ने व्यवस्थालाई अभियानका साथ कार्यान्वयनमा ल्याइनेछ ।

१२. एक वडा एक कृषि प्राविधिक (ओ.भी.ओ.टी.) कार्यक्रम अन्तर्गत **कृषकसँग कृषि प्राविधिक कार्यक्रम** सञ्चालन गरी कृषि विकास तथा पशु सेवा तर्फका प्राविधिक कर्मचारीहरुबाट कृषकको घरदैलो तथा खेतबारीमै आवश्यक परामर्श तथा उपचार सेवा दिने व्यवस्था मिलाइनेछ । सेवा केन्द्रहरुमा उपकरण थप तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

१३. गाउँपालिकाका सबै वडामा घुम्ति बाली शिविर सञ्चालन गरिनेछ । उन्नत जातका फलफूल तथा बोटबिरुवाका बेर्नाहरु सहज उपलब्धताको लागि लागत **साझेदारीमा नर्सरी स्थापना कार्यक्रम** सञ्चालन गरिनेछ । खेतियोग्य जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ । उच्च माग भएका खाद्यबाली तथा तरकारीका उन्नत जातको बिउ वितरण गरिनेछ ।

१४. गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन **पौरखी किसानको हातः स्थानीय सरकारको साथ** भन्ने नाराका साथ दुग्ध प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । सो को लागि उन्नत भैंसी तथा गाई पालक कृषकहरुलाई हिउँदे तथा डाले घाँसको बीउ तथा बेर्ना वितरण गरिनेछ । स्थानीय जातका गाई तथा भैंसीको नश्ल सुधार गर्न कृतिम गर्भाधारण सेवालाई निरन्तरता दिइनेछ ।

१५. गाउँपालिकालाई मासु उत्पादनमा आत्मनिर्भर बनाउन व्यावसायिक कुखुरा, बाख्रा, बंगुर, भैंसी, माछा, कालिज लगायतका पशुपंक्षी पालनको लागि प्रोत्साहन गरिनेछ । मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ । रैथाने जातका बाख्राको नश्ल सुधारको लागि सिरोही, सानन लगायत उन्नत जातका बोकाहरु वितरण गरिने गरिनेछ ।

१६. रैथाने जातका माछा संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि खोलाको निश्चित पोखरीमा माछा तथा भुरा संरक्षणका लागि माछा मार्ने कार्य नियन्त्रण गर्न नजिकको घरधनीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । साथै टोल विकास संस्थाको निगरानीमा प्रत्येक खोलाका निश्चित स्थानदेखि तोकिएको घाटसम्म माछा मार्न नपाइने व्यवस्था गरिनेछ ।

१७. पशु सेवा केन्द्र तथा वडास्थित पशु सेवा कार्यक्रम कार्यान्वयन इकाईहरुबाट बाह्रै महिना पशु स्वास्थ्यसँग सम्बन्धित औषधीहरु कृषकहरुले खोजेकै समयमा सर्वसुलभ र निःशुल्क रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

१८. सबै कृषकहरुलाई कृषक समूह तथा कृषि सहकारीहरुमा आवद्ध हुन प्रेरित गरिनेछ । कृषि क्षेत्रमा दिइने अनुदानको लाभ वास्तविक कृषक आवद्ध कृषक समूह तथा कृषि सहकारी संस्थाहरुले प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१९. उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम मार्फत लागत साझेदारी गरी कृषि प्रणालीलाई लाभकारी, समावेशी र पर्यावरणमैत्री बनाइनेछ ।

२०. कृषि उत्पादन, वितरण, भण्डारण र उपभोग शैलीलाई पोषणको अभिन्न अङ्गको रुपमा अघि बढाइनेछ । मातृशिशु पोषण प्रवर्द्धन गर्न सुनौलो हजार दिनका आमाहरुको लागि **कुखुरा पालन तालिम** सञ्चालन गरिनेछ ।

२१. पशुपंक्षीजन्य रोग नियन्त्रणको लागि खोप कार्यक्रम तथा पशु स्वास्थ्य चेकजाँच शिविर सञ्चालन गरिनेछ । सो को लागि आवश्यक खोप खरिद तथा पारिश्रमिकको व्यवस्था मिलाइनेछ । रेबिज रोग नियन्त्रणको लागि कुकुर बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।

२२. पशुपालन व्यवसायमा विविधीकरण गर्न पशु हाटबजार, पशु र कृषि प्रदर्शनी तथा अन्तरकृषक समूह प्रतियोगिता आयोजना गरी उत्कृष्ट किसानका असल अभ्यासहरुको प्रचारप्रसार गरिनेछ ।

२३. **उद्यमशिलता विकास कार्यक्रम** मार्फत द्वन्दपिडित तथा विपन्न परिवारका व्यक्तिहरुलाई समूहमा आवद्ध गरी डिजिटल साक्षरता र व्यावसायिक योजना सहित कृषिमा आधारित साना व्यवसायको स्थापना तथा सञ्चालन गर्न आवश्यक तालिम, प्रविधि, परामर्श र बजारीकरण **टेवा** प्रदान गरिनेछ । उद्यमीहरुलाई व्यावसायिक योजना अनुसारको काममा सक्रियताका साथ परिचालन गर्न स्वयंसेवी भूमिका रहने गरी ग्रामीण विकास सहजकर्ताहरु खटाइनेछ ।

२४. युवा जनशक्ति पलायन रोक्न एक घर एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक रोजगारीका अवसर सिर्जना गर्नुका साथै जनशक्ति र रोजगारीलाई विद्युतीय सूचना प्रणाली मार्फत इन्टरलिङ्केज गरिनेछ । असङ्गठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको हित प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. सुरक्षित आप्रवासन (सामी) परियोजना मार्फत वित्तीय साक्षरता शिक्षालाई अभियानका रुपमा सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट विशिष्ट सीप तथा दक्षता हाँसिल गरेर फर्केका युवालाई रेमिट्यान्सको उपयोग समेत हुने गरी सीपमूलक व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

२६. बजार अनुगमन गरी उपभोक्ताको हित विपरित क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याइनेछ । खाद्यवस्तु, सुर्तीजन्य, मदिराजन्य तथा विषादीजन्य वस्तुहरु एकै स्थानबाट बिक्रि गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

२७. गाउँपालिकाको पर्यटकीय क्षेत्र, विकास निर्माण, संस्थागत संरचना, आर्थिक-सामाजिक अवस्था, मौलिक, झाँकी तथा नृत्यहरु समावेश गरी उच्चस्तरको भिडियो डकुमेन्ट्री निर्माण गरी प्रचारप्रसार गरिनेछ । **मगर खाम भाषाको संरक्षण**का लागि लिपी तथा व्याकरण प्रकाशन गर्ने नीति लिइनेछ ।

२८. विभिन्न अवसरमा आयोजना हुने महोत्सव तथा कार्यक्रमहरुमा जातीय भेषभूषा, झाँकी, सङ्गीत सहितको प्रदर्शनी गर्ने नीति लिइनेछ । सामुदायिक विद्यालयका बालबालिकाहरुलाई मौलिक कला र संस्कृति सम्बन्धी आधारभूत सीप प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२९. गाउँपालिकालाई बहुसाँस्कृतिक संग्राहलयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा साँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकलाका Symbol प्रयोगमा ल्याइनेछ । गाउँपालिकाका विभिन्न स्थानमा लाग्ने ऐतिहासिक मेलाको संरक्षण गरिनेछ ।

३०. तिलास्थित जनयुद्ध स्मृति राष्ट्रिय संग्राहलयको प्रचारप्रसार मार्फत आन्तरिक पर्यटकलाई आकर्षित गरी स्थानीय रोजगारी सिर्जना तथा राजश्व वृद्धि गरिनेछ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा ग्रामीण क्षेत्रको आयआर्जनमा वृद्धि गर्न हाञ्जबाङ, निगालपानी, गाङ र त्रिवेणीमा होमस्टे सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

३१. बहुआयामिक सम्भावनायुक्त पर्यटकीय क्षेत्रहरुमा आधारभूत पूर्वाधारको विस्तार गरिनेछ । मुख्य नाकाहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित प्रवेशद्वार निर्माण गरिनेछ । शिवगुफा, लभपार्क, धाउखानी, शिद्धखाल मन्दिर, धनखानी, गामाकोट, चबीचौर, निगालपानी, मोराबाङ, भुतछहरा गुफा, चौरपानी, गुप्ती दह, काग्रिथाना, थुर्पा लेक, जयबाबा मन्दिर, ताराखसे पैंयुचौर र बख्खुरलाई **प्रकृतिमा आधारित ग्रामीण पर्यटकीय गन्तव्य**को रुपमा विकास गरिनेछ ।

३२. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ । युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप र उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३. **लघु उद्यम विकास कार्यक्रम** मार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसायहरु स्थापना तथा प्रवर्द्धन गरी रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण गरिनेछ । यसका लागि नवउद्यमीहरुलाई छोटो तथा लामो अवधिको सीप विकास तालिम सञ्चालन र पुराना उद्यमीहरुको स्तरोन्नती गरिनेछ । **आफ्नो उत्पादनः आफ्नै उपयोग** भन्ने मूल नाराका साथ कोशेली घर सञ्चालन गरी उद्यमीहरुका उत्पादनको बजारीकरण गरिनेछ ।

**गाउँ सभाका उपाध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

३४. **"गाउँपालिकाको अबको लक्ष्यः उत्कृष्ट शैक्षिक गन्तव्य"** भन्ने नाराका साथ आधारभूत तथा माध्यमिक शिक्षालाई थप गुणस्तरीय तुल्याउन सातवटै वडामा **एक वडा एक नमुना विद्यालय** कार्यक्रमलाई तहगत रुपमा विस्तार गरी थप प्रभावकारी बनाइनेछ । सूचकहरुमा आधारित झण्डा वितरण वितरण कार्यक्रम र बहुकक्षा बहुस्तर शिक्षणलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

३५. सामुदायिक विद्यालयमा शिक्षक दरबन्दीको अभावलाई परिपूर्ती गर्न लागि **चिनौं आफ्नो माटो, बनाऔं आफ्नै गाउँ** अभियान अन्तर्गत कार्यान्वयनमा ल्याइएको शिक्षण स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिइनेछ । बाल विकास केन्द्र नभएका विद्यालयहरुमा बाल विकास कक्षा क्रमशः थप गरिनुका साथै बालविकास केन्द्रका पूर्वाधारको सुदृढीकरण गरिनेछ ।

३६. शैक्षिक उपलब्धी तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्ड गर्ने पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयको प्रधानाध्यापकले प्रमुख प्रशासकीय अधिकृतसँग, शिक्षकले विद्यालयको प्रधानाध्यापकसँग र विद्यार्थीहरुले विषय शिक्षकसँग कार्य सम्पादन करार सम्झौता गरिनेछ ।

३७. बालबालिकाहरुमा नैतिकता, इमान्दारिता, अनुशासन र नेपाली मौलिक संस्कारको विकास गरी सुयोग्य नागरिकको रुपमा विकास गर्न सबै विद्यालयहरुमा संस्कार सहितको शिक्षामा विशेष जोड दिइनेछ । शैक्षिक क्रियाकलापहरुलाई व्यवस्थित बनाउन **शैक्षिक क्यालेण्डर**को निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

३८. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा समयानुकुल बनाउन प्रधानाध्यापक तथा विषयगत शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु निरन्तरता गरिनेछ । गाउँपालिकामा विषय विज्ञ समूह निर्माण गरी परिचालन गरिनेछ । विषयगत शिक्षकहरुको घुम्ती सिकाई बैठक आयोजना गरिनेछ ।

३९. टोलबस्तीमा आएको जनसांख्यिक परिवर्तनको कारण क्रमिक रुपमा विद्यार्थी संख्या न्यून हुँदै गएका दुई वा दुईभन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन हुन वा माथिल्लो तह स्थगित गर्न चाहेमा त्यस्ता विद्यालयको शैक्षिक तथा भौतिक सुदृढिकरणको लागि बजेटको व्यवस्था गरिनेछ ।

४०. कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुका लागि सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित बनाउन विद्यालय हाताभित्र खाजाघर (क्यान्टिन) निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै दिवा खाजामा स्थानीय स्तरमा उत्पादित खाद्य वस्तुको प्रयोगलाई अनिवार्य गरिनेछ ।

४१. गाउँपालिकाका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा आई.सी.टी. ल्याब स्थापना कार्यक्रमलाई क्रमशः विस्तार गरी शिक्षण सिकाई क्रियाकलापलाई आधुनिक प्रविधिमा आवद्ध गर्दै लगिनेछ । **पढुवा नै अगुवा** भन्ने मूल नाराका साथ विद्यालयहरुमा वाचनालय, ई-लाइब्रेरीको व्यवस्था गरी पढ्ने संस्कृतिको विकासमा जोड गरिनेछ ।

४२. सामुदायिक विद्यालयहरुको सिकाई उपलब्धीलाई अझ सुदृढ गर्न **सचेत अभिभावक हामीः गुणस्तरीय शिक्षामा लगानी** भन्ने नाराका साथ विद्यालय-समुदाय साझेदारी कार्यक्रम सञ्चालनमा ल्याइनेछ । कक्षा ८ र १० का विद्यार्थीहरुको नतिजा सुधारको लागि अभिभावकसँग साझेदारी गरी आवासीय सुधारात्मक कक्षा सञ्चालन गरिनेछ । आधारभूत तह (कक्षा-८) मा उत्कृष्ट हुने एक/एक जना छात्राछात्रलाई पुरस्कृत गरिनेछ ।

४३. खुला विद्यालय शिक्षा नीति अवलम्बन गरी १५ वर्ष मुनिका Over Aged बालबालिका तथा १५ वर्ष माथिका पढ्ने चाहना भएका बालबालिकाहरुलाई आधारभूत तह कक्षा ८ र १० कक्षा परीक्षामा सामेल बनाउने व्यवस्था मिलाइनेछ ।

४४. बालक्लब तथा बालक्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । **हाम्रा बालबालिकाः राम्रा बालबालिका** भन्ने मूल नाराका साथ विद्यालयमा रहेका बालक्लबलाई परिचालन गरी बालश्रम, बालबिबाह, बालबिज्याई, मद्यपान, धुमपान तथा लागुपदार्थ दुर्व्यसन नियन्त्रण गर्न, बालबालिकाको विद्यालय छोड्ने दर न्यूनीकरण गर्न र सूचना प्रविधिका उपकरणहरु डिजिटल ड्रगको रुपमा प्रयोग हुन नदिन विद्यालयहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. खेलकुदको विकास गर्नका लागि **एक वडा एक खेल मैदान**को अवधारणा अन्तर्गत पूर्वाधार निर्माण गरिनेछ । खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग जोड्दै गाउँपालिकामा खेलकुदको विकास र प्रवर्द्धन गर्न **वडा कप तथा त्रिवेणी कप प्रतियोगिता** आयोजना गरिनेछ । विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ । खेलाडीहरुलाई बाह्य प्रतियोगितामा सहभागी हुनको लागि समेत आवश्यक बजेटको व्यवस्था गरिनेछ । घुम्ती खेल शिक्षकको व्यवस्था मिलाइनेछ ।

४६. विपन्न, एकल तथा बिधवा महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, विपन्न, दलित, आदिबासी जनजाति, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पिडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक बहिस्करणमा परेका वर्ग तथा समुदायको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४७. गाउँपालिकालाई बालबिबाह मुक्त स्थानीय तह घोषणा गर्ने नीति तथा रणनीति तर्जुमा गरी अभियानका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछ । परिपक्व उमेरमा विवाह गर्ने जोडीलाई सम्मानित गरिनेछ । बालमैत्री वडा घोषणाको कार्यलाई बाल विवाह भएका र नभएका घरमा अलग-अलग स्टिकर टाँस गरी वडा तथा गाउँपालिकाबाट प्रदान गरिने अनुदानसँग आवद्ध गरी प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

४८. बालश्रममुक्त स्थानीय तहका सूचकको दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । बालश्रममुक्त स्थानीय तहका सूचकहरुको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ ।

४९. **"हिंसा मुक्त गाउँपालिकाः हाम्रो पहिचान"** अभियान मार्फत सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ । समाजमा विद्यमान विकृति, विसङ्गती र लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण गर्न टोल विकास संस्था, महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको क्षमता अभिवद्धि गरी सघन परिचालन गरिनेछ ।

५०. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । महिला र पुरुष बीचको विभेदीकरणलाई अन्त्य गर्न सम-विकास कार्यक्रम सञ्चालन गरिनेछ । महिला र पुरुष बीच समान कामको समान ज्याला सम्बन्धी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन तथा नियमन गरिनेछ ।

५१. आर्थिक अभावका कारण पठनपाठनलाई निरन्तरता दिन वा स्वास्थ्योपचारमा समस्या भएका विपन्न, अभिभावक विहिन, हिंसा पीडित, अपाङ्गता र सुस्त मनस्थिति भएका बालबालिकाहरुलाई आर्थिक तथा शैक्षिक सहयोग उपलब्ध गराइनुका साथै शिक्षाको हक सुनिश्चित गर्न विशेष विद्यालयहरुसँग समन्वय गरी अध्ययनको व्यवस्था मिलाइनेछ ।

५२. वडा बाल अधिकार समिति तथा स्थानीय बाल अधिकार समितिको बैठकलाई नियमित गरी निर्दिष्ट उद्देश्य प्राप्तिको लागि क्रियाशीलता प्रदान गरिनेछ । सबै बालक्लबको बैठक व्यवस्थापनको लागि आवश्यक बजेट तथा सामग्री उपलब्ध गराइनेछ ।

५३. गर्भैदेखि अपाङ्गता रोकथामको लागि विशेष अभियान सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी परिचय-पत्र वितरण गर्न सातवटै वडामा अपाङ्गता परिचय-वितरण शिविर सञ्चालन गरिनेछ । जटिल प्रकारको अपाङ्गता भएका व्यक्तिहरुको घरमै पुगेर अपाङ्गता परिचय-पत्र दिने व्यवस्था मिलाइनेछ । पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्रीहरु वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५४. ऐतिहासिक कालदेखि शिल्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न आधुनिक प्रविधि सहयोग गरिनेछ ।

५५. अन्तर-पुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न, ज्येष्ठ नागरिकहरु बीच अन्तरक्रियाको अवसर सिर्जना गर्न तथा ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि गर्न सञ्चालित ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको अवधारणालाई क्रमशः वडास्तरमा समेत विस्तार गर्दै लगिनेछ । ज्येष्ठ नागरिकहरुले प्राप्त गर्ने विभिन्न **सहुलियत तथा छुट सुविधा पूर्ण रुपमा कार्यान्वयन** हुनको लागि निरन्तर पैरवी गरिनेछ ।

५६. महिला सहकारी संस्था, महिला समूह, महिला सञ्जाल र बालक्लब तथा बालक्लब सञ्जालहरुको क्षमता विकास गरी सकारात्मक दिशामा समाज परिवर्तनको संवाहकका रुपमा विकास गरिनेछ ।

५७. निर्माणाधीन **१५ शैयाको नेपा आधारभूत अस्पताल**लाई २०८३ सालेका अन्यसम्म सञ्चालनमा ल्याइनेछ । जसबाट गाउँपालिकामै विशेषज्ञ सहितको प्रभावकारी र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

५८. **स्वस्थ जनताः सुखी त्रिवेणीबासी** भन्ने मूलमन्त्रका साथ स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा निःशुल्क पाइने भनी नेपाल सरकारबाट घोषणा गरिएका औषधीहरु नियमित, सहज र पर्याप्त रुपमा उपलब्ध व्यवस्था मिलाइनेछ ।

५९. नेपाल सरकारको सन् २०३० सम्म क्षयरोगलाई शुन्यमा झार्ने दिगो विकास लक्ष्यलाई मध्यनजर गर्दै गाउँपालिकामा शंकास्पद बिरामीहरुको समुदायस्तरमा खोज पड्ताल र खकार सङ्कलन तथा परीक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।

६०. सार्वजनिक सेवामा विकेन्द्रीकरणको आवधारणालाई आत्मसाथ गर्दै जनताको घरदैलोमै आवधिक रुपमा तथा वडास्तरमा विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती महिलाहरुका लागि घरदैलोमै आवश्यक परामर्श सहितको स्वास्थ्य सेवा पुऱ्याइने व्यवस्था मिलाइनेछ ।

६१. विपन्न नागरिक उपचार तथा आर्थिक सहायता कोषका लागि आवश्यक रकमको व्यवस्था गरी विपन्न तथा असहाय गाउँपालिकाबासी नागरिकहरुको उपचार, उद्धार तथा पुनःस्थापनालाई प्रभावकारी बनाइनेछ ।

६२. नसर्ने रोगको बढ्दो जोखिमलाई कम गर्न **दीर्घ रोगीसँग जनप्रतिनिधि कार्यक्रम** सञ्चालन गरिनेछ । उक्त कार्यक्रमबाट स्वस्थकर जीवनशैली प्रवर्द्धन, भान्सा सुधारका साथै स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यहरु समुदायस्तरमा पुऱ्याइनेछ । ४० वर्ष माथिका नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह लगायत नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास तालिम उपलब्ध गराई सेवालाई प्रभावकारी तुल्याउनुको साथै मनोबल बढाउन यातायात सुविधा लगायत अन्य सहायता सामग्री उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ । सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, सीमान्तकृत, गरीब तथा पछाडि परेका जनसमुदायका साथै कडा र दीर्घ रोग लागेका बिरामीहरुको स्वास्थ्य बिमा गरिनेछ ।

६४. शुन्य होम डेलिभरी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । सबै स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रदान गरिदै आएको प्रसुती सेवालाई थप प्रभावकारी बनाइनेछ । नियमित रुपमा स्वास्थ्य जाँच गराई स्वास्थ्यकर्मीको निगरानीमा प्रसुती गराउने आमाहरुलाई प्रोत्साहन गरिनेछ ।

६५. बढ्दो आत्महत्याका घटनाहरुलाई न्यूनीकरणका लागि मानसिक स्वास्थ्य समस्या पहिचान एवं रोकथाम गर्न समुदायस्तरमा मनोसामाजिक समस्याको स्क्रिनिङ कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत दुर्व्यसनमुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ ।

६६. सञ्चालनमा रहेका ल्याबहरुमा आवश्यक उपकरणहरुको व्यवस्था गरी सुदृढीकरण गर्नुको साथै क्रमागत रुपमा सबै स्वास्थ्य चौकीहरुमा ल्याब सेवा विस्तार गरिनेछ । स्वास्थ्य संस्थाहरुमा सबै किसिमका परिवार नियोजनका अस्थाई साधनहरुको उपलब्धता सुनिश्चित गरिनेछ ।

६७. स्वास्थ्य सूचना व्यवस्थापनलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ । **मोबाइल स्वास्थ्य कार्यक्रम**लाई थप प्रभावकारी बनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६८. गाउँपालिकाका सघन बस्ति तथा बजार क्षेत्रमा खुला व्यायामशाला निर्माण गरी **स्वस्थ त्रिवेणी अभियान** शुभारम्भ गरिनेछ । आधुनिक चिकित्सा प्रणालीसँगै आयुर्वेद उपचार पद्धतिलाई प्रभावकारी बनाउदै लगिनेछ । गाउँपालिका क्षेत्रभित्र हुने परम्परागत औषधीजन्य वनस्पति तथा जडिबुटीको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरु सञ्चालन गरिनेछ ।

६९. विद्यालय नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय नर्सहरुको कार्य विवरण अनुसार दैनिक कार्ययोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन तथा प्रतिवेदनलाई प्रभावकारी बनाइनेछ ।

७०. बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत महिला र बालबालिकाको पोषणका सवाललाई सम्बोधन गर्न पोषण विशेष र पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ । पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि विकास, पशु सेवा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, शिक्षा, स्वास्थ्य लगायतका शाखाहरुलाई समन्वयात्मक ढङ्गले परिचालन गरिनेछ ।

७१. पाँच वर्षमुनीका कुपोषित बालबालिकाहरुलाई सुपोषित बनाउन तिनका अभिभावकलाई साना व्यवसाय सञ्चालन गर्न सहायता उपलब्ध गराइनेछ । सबै वडामा अभियानका साथ एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ ।

**गाउँ सभाका उपाध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

७२. **मुहानदेखि मुखसम्म स्वच्छ पानी**को अवधारणा अनुरुप शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन एक घर एक धारा कार्यक्रमलाई अभियानका साथ सञ्चालन गरिनेछ । सञ्चालनमा रहेका सबै खानेपानी आयोजनाको स्वच्छता परीक्षण गरी पानी शुद्धिकरणका विधिहरु कार्यान्वयनमा ल्याइनेछ ।

७३. खानेपानी समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी गरिनेछ । जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण गरिनेछ । जल पुनर्भरण योजना र वर्षातको पानी सङ्कलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

७४. गाउँपालिकाका मुख्य स्थानहरुमा टोल विकास संस्थाहरुसँगको सहकार्यमा उपयुक्त जग्गाको व्यवस्थापन गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गर्ने कार्यलाई अभियानका रुपमा अगाडि बढाइनेछ ।

७५. भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजनासहित पूर्वाधार विकास गुरूयोजना तयार गरी बस्ति विकास, भवन तथा सार्वजनिक पूर्वाधार निर्माणका कार्यहरुलाई व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ । घर निर्माण गर्नुपूर्व नागरिकलाई घरको आवश्यकता, लागत, सुरक्षा मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिने व्यवस्था मिलाइनेछ ।

७६. स्थानीय सरकारको सार्वजनिक सेवा प्रवाह, योजना तथा विकास व्यवस्थापन, नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, सुरक्षा तथा समन्वय व्यवस्थापन लगायतका कार्यहरुलाई प्रभावकारी व्यवस्थापन गर्नको लागि त्रिवेणी ५, जुगारमा अगाडि बढाइएको **प्रशासकीय भवन निर्माण**को कार्यलाई शीघ्रताका साथ अगाडि बढाइनेछ ।

७७. आवश्यक जनशक्ति र पूर्वाधार व्यवस्था गरी गाउँपालिकाबाटै **भूमि प्रशासन** सम्बन्धी सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ । यसबाट पालिकाबासीलाई उक्त सेवाका लिन सदरमुकाम धाउनु पर्ने बाध्यता अन्त्य हुनेछ ।

७८. गौरवका आयोजनाको रुपमा स्वीकृत भएका **जुगार सिम्पानी निगालपानी सडक**, **जगरबोट हाञ्जबाङ झिनुवा सडक कालोपत्रे** योजनालाई निरन्तरता दिइनेछ । **त्रिवेणी ह्याङ करेटी सडक स्तरोन्नती** योजनालाई अगाडि बढाइनेछ । अन्य व्यापारिक तथा पर्यटकीय महत्वका बाहिरी तथा भित्रि चक्रपथ, पहुँच मार्ग, वडास्तरीय सडक तथा कृषि सडकहरु क्रमशः निर्माण, विस्तार, स्तरोन्नति गर्न र रुग्न आयोजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७९. आयोजनाको दिगोपना तथा मर्मत सम्भारको लागि पूर्वाधार विकासतर्फ विनियोजित कुल बजेटको **५% रकम मर्मत सम्भार कोष**मा जम्मा गरी कोषलाई सुदृढ गरिनेछ । लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैङ्क"** कार्यान्वयनमा ल्याइनेछ ।

८०. सार्वजनिक निर्माण कार्यको ठेक्का लिई छोडेर भाग्ने, समयमा कार्यसम्पन्न नगर्ने तथा गुणस्तरहीन कार्य गर्ने निर्माण व्यवसायीलाई कारबाहीको दायरामा ल्याइनेछ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनामा गुणस्तर सुनिश्चितता तथा निर्माण कौशल अभिवृद्धि गर्न निर्माण पूर्वको अभिमुखीकरण सञ्चालन गरिनेछ । साथै पूर्वाधार निर्माण सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्नको लागि सीप विकास तालिम सञ्चालन गरिनेछ ।

८१. स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तौरतरिका, साधन र विधि अवलम्बन गरिनेछ । पूर्वाधार निर्माणमा खटिने कामदारहरुको बिमा तथा सुरक्षा सामग्रीहरुको प्रयोगलाई अनिवार्य गरिनेछ । पूर्वाधार आयोजनाहरु सञ्चालन गर्दा वातावरणमैत्री तथा जलवायु उत्थानशील ढाँचा तथा प्रविधि प्रयोगमा ल्याइनेछ । सञ्चालनमा रहेका तथा नयाँ निर्माण हुने कच्चि सडकमा अनिवार्य रुपमा नाला, सेफ्टी वाल, ग्याबिन/मेसिनरी वाल, क्याच ड्रेन निर्माण तथा वृक्षारोपण गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।

८२. भौतिक पूर्वाधार निर्माण गर्दा लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागरिक तथा प्रविधिमैत्री ढाँचामा निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । महिला सहकारी संस्था, आमा समूह र समितिहरुको लागि एकिकृत रुपमा प्रयोग हुनेगरी सामुदायिक भवनहरु निर्माण तथा पुराना भवनको मर्मत सम्भार गरिनेछ ।

८३. विद्युतीकरण हुन बाँकी रहेका गाउँपालिकाका सबै टोलबस्तीमा विद्युत विस्तार कार्य सम्पन्न गरी **उज्यालो त्रिवेणी** घोषणा गरिनेछ । अनविकरणीय उर्जाका स्रोतहरु माथिको निर्भरतालाई न्यूनीकरण गर्दै **वैकल्पिक उर्जाको विकास र उपयोग**मा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

**गाउँ सभाका उपाध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

८४. **वातावणमैत्री स्थानीय शासन सञ्चालन**को लागि खुला तथा सार्वजनिक स्थानमा पर्यावरणीय महत्व भएका बिरुवाहरु वृक्षारोपण गरी **हरियाली बढाउनुको साथै गाउँपालिकाको सौन्दर्य अभिवृद्धि** गरिनेछ। वन क्षेत्रमा उच्च महत्वका डाले घाँसको प्रवर्द्धन गरिनेछ।

८५. गाउँ तथा बजारबासीहरुलाई घर आँगन सफा सुग्घर र हराभरा राख्न जिम्मेवार बनाउन **हाम्रो आँगनः राम्रो आँगन** कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि **बजारमा फूल र गाउँमा फल** कार्यक्रम सञ्चालन गरिनेछ। प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरिनेछ। भएका प्लाष्टिकजन्य फोहोर व्यवस्थापनको लागि **सुइरो कार्यक्रम** सञ्चालन गरी आयआर्जनको स्रोतको रुपमा विकास गरिनेछ।

८६. गाउँपालिकाका मुख्य बजार क्षेत्रको कुहिने, नकुहिने, सिसाजन्य तथा हानीकारक फोहरमैला व्यवस्थापनका लागि अलग-अलग **ल्यान्ड फिल साइट**को निर्माण गरिनेछ। टोल विकास संस्थाहरुसँग फोहोर सङ्कलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ। बजार क्षेत्रमा ढल निकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ। सबै टोल विकास संस्थाहरुलाई प्रत्येक शनिबार अनिवार्य रुपमा बजार तथा टोल क्षेत्रमा सरसफाई सञ्चालनको लागि परिचालन गरिनेछ।

८७. स्थानीय जनता, सामुदायिक वन उपभोक्ता समितिको सहभागितामा **एक सामुदायिक वनः एक जडिबुटी उत्पादन** कार्यक्रम सञ्चालन गरिनेछ। भू-संरक्षण, जलाधार संरक्षण, अग्लो स्थानमा रहेका वन क्षेत्रमा रिचार्ज पोखरी निर्माण कार्यक्रमलाई अभियानका साथ सञ्चालन गरिनेछ।

८८. वन उपभोक्ता समितिहरुलाई परिचालन गरी सम्भावित डढेलोबाट वनजङ्गल जोगाउन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। **मनसुनजन्य बाढी तथा पहिरो रोकथाम तथा नियन्त्रण** गर्न पूर्व तयारी तथा प्रतिकार्यको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। विपद् प्रभावित व्यक्तिहरुको उद्धार तथा पुनःस्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिकाको **विपद् व्यवस्थापन कोष**लाई सुदृढ गरिनेछ।

८९. गाउँपालिकाको सोतबाट पारिश्रमिक पाउने सबै राष्ट्रसेवक कर्मचारीहरुको तलब नेपाल सरकारले तोकेको न्यूनतम **मासिक पारिश्रमिक कम्तिमा रु. १९,५५०/-** कायम गरिएको छ । नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिकभन्दा बढि तलब पाइरहेका कर्मचारीको तलब **१०% ले वद्धि** गरिएको छ । दैनिक ज्यालादर समेत सोहीअनुसार मिलान गरिएको छ ।

९०. सेवा प्रवाह, विकास निर्माण लगायतमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा **शुन्य सहनशीलताको नीति** अख्तियार गरिनेछ । सेवा प्रवाहको पृष्ठपोषण प्राप्त गर्न **नागरिक सन्तुष्टी सर्वेक्षण** गरी उक्त सर्वेक्षणका सुझावहरु कार्यान्वयनमा ल्याइनेछ । वित्तीय तथा आर्थिक अनुशासन कायम गरी आर्थिक कारोबारलाई मितव्ययी र कानून सम्मत बनाई **बेरुजु न्यूनीकरण** गर्दै लगिनेछ ।

९१. निर्माण गर्न बाँकी रहेका कानून शीघ्रताका साथ निर्माण गर्दै निर्मित कानूनहरुलाई **समय सापेक्ष संशोधन** गर्दै लगिनेछ । न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवाद तथा उजुरीहरुलाई छिटो, छरितो, पारदर्शी र विश्वासनीय ढङ्गले समाधान गर्न प्रभावकारी प्रबन्ध मिलाइनेछ ।

९२. कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरीय र प्रभावकारी बनाउन प्रत्येक शाखा, इकाई तथा कार्यरत जनशक्तिको **कार्य विवरण** प्रभावकारी कार्यान्वयन गर्न कार्य सम्पादन सम्झौता गरिनेछ । सेवा प्रवाहमा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा महिलालाई प्राथमिकता दिइनेछ ।

९३. कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने, कार्यशैलीलाई परिणाममुखी बनाइने र कर्मचारीहरुलाई सेवा प्रवाहप्रति जिम्मेवार, जवाफदेही र गतिशील बनाइनेछ । सेवा प्रवाह, विकास निर्माण, नवप्रवर्तन लगायतका विषयहरुमा सफल अनुभवहरु आदानप्रदान गर्दै सहकार्य गर्न **अन्तर स्थानीय तह अवलोकन भ्रमण** आयोजना गरिनेछ ।

९४. प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ । गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागि कर सङ्कलनमा सकारात्मक वातावरण निर्माण गर्न सातवटै वडामा **करदाता शिक्षा कार्यक्रम** सञ्चालन गरिनेछ ।

९५. घर तथा जग्गा बहाल कर असुली प्रकृयालाई प्रभावकारी तुल्याउन टोल विकास संस्थासँग सहकार्य गरिनेछ । दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ । घुमन्ते तथा पोके व्यवसायलाई कडाई गरी राजश्वको दायरामा ल्याइनेछ ।

९६. उपलब्ध प्राकृतिक स्रोत तथा जनसांख्यिक लाभलाई उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरिनेछ । विकासका प्रतिफलहरुको **समन्यायीक रुपमा वितरण** गरिनेछ । सामुहिक खेती, सहकारी खेती, करार खेती तथा व्यावसायिक खेती गर्न भूमि, पूँजी र प्रविधिको संयोजन गरी एकै प्रकारको बाली एकैसाथ उत्पादन गर्न उत्प्रेरित गरिनेछ ।

९७. सम्बन्धित निकायहरुसँग समन्वय गरी गाउँपालिका स्थित खानीहरुबाट हुनसक्ने जथाभावी चुनढुङ्गा उत्खनन् तथा निकासीलाई व्यवस्थित गरिनेछ । साथै गाउँपालिकामै चुनढुङ्गामा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ । पूर्वाधार योजनाहरुलाई व्यवस्थित गर्न गाउँपालिकामै प्रशोधन केन्द्र सञ्चालन ल्याइनेछ ।

९८. आधारभूत वस्तु, खाद्यान्न तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गरिनेछ र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

९९. गाउँपालिकाभित्र रहेका स्रोत साधन, कार्यालय, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी **त्रिवेणी प्रोफाइल** तयार गरिनेछ ।

१००. आयोजनाहरु सञ्चालन गर्दा सम्भव भएसम्म लाभग्राही समुदायबाट लागत सहभागिता हुने व्यवस्था मिलाइनेछ । सो व्यवस्था कार्यान्वयनको लागि **साझेदारी कोषको स्थापना** गरिनेछ ।

१०१. सरकारी खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गरी उच्च प्रतिफलयुक्त योजना तथा कार्यक्रममा लगानी केन्द्रित गरिनेछ । चालु खर्चमा वाञ्छित सीमा राख्दै सार्वजनिक क्षेत्रमा लगानी केन्द्रित गरी परिणाममुखी कार्यान्वयन गरिनेछ ।

१०२. स्थानीय विकास व्यवस्थापन, सामाजिक परिचालन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । विकास निर्माणसँग सम्बन्धित कामहरुमा स्थानीय जनशक्ति तथा उपलब्ध स्रोतसाधनको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ ।

१०३. जुगार प्रहरी चौकीलाई प्रहरी कार्यालयस्तरमा स्तरोन्नती गर्न तथा प्रहरी चौकी नभएका वडामा चौकी स्थापना गर्न आवश्यक पहल गरिनेछ । प्रहरी चौकीसँग समन्वय गरी स्थानीय मदिराको उत्पादन, बिक्रि वितरण नियमन र जुवातास निषेध गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१०४. साइबर अपराध, सामाजिक सञ्जालको दुरुपयोग, लैङ्गिक हिंसा लगायत समाजमा घट्ने अपराध नियन्त्रणको लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१०५. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई लाभदायी, मजबुत र जीवन्त बनाउन प्रभावकारी सहयोग, समन्वय तथा साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।

१०६. गाउँपालिकाको शान्ति, सुरक्षा तथा सुव्यवस्थालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन मुख्य बजार, संवेदनशील क्षेत्र र मुख्य नाकाहरुमा **सडक बत्ती तथा सि.सि. क्यामरा** जडान गरिनेछ ।

१०७. टेलिफोन र इन्टरनेटको पहुँच नपुगेका टोलबस्तीमा टावर निर्माण तथा फाइबर विस्तारको लागि आवश्यक पहल गरिनेछ । गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य चौकीहरुलाई **फ्रि वाईफाई जोन**को रुपमा विकास गरिनेछ ।

१०८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बहुआयामिक प्रभाव रहेका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरुको सहयोग तथा समन्वयमा **समृद्धिको बाटोमा हाम्रो त्रिवेणी लगानी सम्मेलन** आयोजना गरिनेछ । जसबाट गाउँपालिकाका सरकारी विद्यालय, कार्यालय, सार्वजनिक पूर्वाधार निर्माण तथा सुदृढीकरणका लागि लगानी सङ्कलन गरिनेछ ।

१०९. त्रिवणी गाउँपालिका र सिङ्गो नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन र यहाँको विकासमा महत्वपूर्ण योगदान दिएका समाजसेवी तथा उच्च पदस्थ व्यक्तित्व, पूर्व जनप्रतिनिधि, सामाजिक अभियन्ता र उत्कृष्ट कार्यसम्पादन गर्ने गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरुलाई सम्मान गरिनेछ ।

**गाउँ सभाका उपाध्यक्षज्यू,**

**गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु**

अन्त्यमा, त्रिवेणी गाउँपालिकाको कार्यसम्पादन, विकास तथा समृद्धिमा सहयोग पुऱ्याउनु हुने तथा यस नीति तथा कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण राय सुझाव दिनुहुने लोकतन्त्रका संवाहक राजनैतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संस्था, बौद्धिक वर्ग, उद्योगी, व्यवसायी, सामुदायिक तथा सहकारी क्षेत्र, टोल विकास संस्था, सञ्चारकर्मी, सरोकारवाला निकायहरु तथा सम्पूर्ण त्रिवेणी गाउँपालिकाबासी आमा, बुवा, दाजुभाइ तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै आगामी दिनमा समेत निरन्तर साथ, सहयोग र रचनात्मक सुझावको अपेक्षा सहित प्रस्तुत नीति तथा कार्यक्रम अधिकतम् प्रतिफलसहित पूर्ण कार्यान्वयन हुने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**